सियारी गाउँपालिका
Siyari Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
हर्नैया, रुपन्देही
Harnaiya, Rupandehi

च.नं./Ref No. :
प.सं./Dispatch No. :

लुम्बिनी प्रदेश नेपाल
Lumbini Province Nepal

मिति:२०८०/०४/२५

बिषयः पूर्व निर्मित भवन अभिलेखीकरण गर्ने तथा नयाँ बन्ने घरको नक्शा पास सम्बन्धि सार्वजनिक सूचना ।

उपरोक्त सम्बन्धमा यस सियारी गाउँपालिकाको मिति २०८०/०३/२७ गते बसेको गाउँसमभाको बैठकबाट पुरानो घर नक्सा अभिलेखीकरणको कार्य गर्ने भनि अनुमोदन गरिएकोमा (२०७३ भन्दा अगाडि तथा त्यसपछि बनेका तर नक्सा पास नगरेका) आवासीय / ब्यापारिक / संस्थागत / औधोगिक प्रयोजनका घर/ भवन घनीहरुले २०८० पुस मसान्त भित्र आफ्नो सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित प्रारम्भिक निबिदन दर्ता गराउन यो सूचना प्रकाशन गरिएको छ ।

साथै सो अवधिभित्र वडा कार्यालयमा दर्ता नभएका तथा अब नयाँ बन्ने घरको हकमा नक्शा पेस नगरी निर्माण गर्न लागिएका भवनहरुलाई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ३९ को उपदफा ५ बमोजिम तथा गाउँपालिकाको आर्थिक ऐन बमोजिम जरिवाना लाग्ने र जुनसुकै बेला निर्माण सामाग्री जफत गर्न सकिने कानूनी प्रावधान रहेको हुदा सम्पूर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रारम्भिक आवश्यक कागजातहरु :

१. जग्गाधनीको नेपाली नागरिकताको प्रतिलिपि र ३ वटा पासपोर्ट साइजको फोटो।
२. जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि ।
३. नापी नक्सा ।
४. चालु आ.ब. को सम्पत्ति कर तिरेको रसिद ।
५. घर/संरचनाको ड्रोइङ्ग/डिजाइन ।

*नोटः घर/भवनको डिजिटल नक्सा अभिलेखीकरण गर्ने कार्यको लागि सम्बन्धित धनीले घर/भवनको सफ्टकपी ड्राफ्ट ड्रोइङ्ग/डिजाइन ito.siyarimun@gmail.com मा ई-मेल गर्नुहुन अनुरोध छ ।*

बोधार्थ :

श्री वडा कार्यालयहरु (सबै) उल्लेखित कागजातसहित निबेदन दर्ता गरी सहयोग गरिदिनुहुन ।
श्री नक्सा शाखा, सियारी गाउँपालिका ।
श्री सूचना प्रविधि शाखा -वेव पेजमा, अपलोड गर्ने र सबैलाई जानकारी गराउने ।

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत